# ◎उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८

| | लालमोहर र प्रकाशन मिति |
|---|---|
| संशोधन गर्ने ऐन | २०४९।१।८ |
| १. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४९ | २०४९।५।११ |
| २. पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०४९ | २०४९।६।२८ |
| ३. पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०५१ | २०५१।११।२९ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ४. लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ | २०६३।७।१७ |
| ५. न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ | २०६४।१०।१० |
| ६ ◂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |
| ७. केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ | २०७२।६।१४ |
| ८. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०४९ सालको ऐन नं. ३

⏭।.................

◎उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : ◎उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरुका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

◂ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "◎उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

◎(क) "उच्च अदालतको न्यायाधीश" भन्नाले नेपालको संविधानको धारा १४० बमोजिम नियुक्त भएको उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीश सम्झनु पर्छ ।

(ख) "जिल्ला अदालतको न्यायाधीश" भन्नाले ◎नेपालको संविधानको धारा १४९ बमोजिम नियुक्त भएको जिल्ला अदालतको न्यायाधीश सम्झनु पर्छ र सो शब्दले जिल्ला अदालतको अतिरिक्त न्यायाधीश समेतलाई जनाउँछ ।

(ग) "न्यायाधीश" भन्नाले उच्च अदालत र जिल्ला अदालतको न्यायाधीश सम्झनु पर्छ ।

(घ) "परिवार" भन्नाले न्यायाधीश आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी वा धर्मपुत्र सम्झनु पर्छ र सो शब्दले न्यायाधीश आफैले पालन पोषण गर्नु पर्ने बाबु, आमा, सौतेनी आमा र नाबालक भाई वा अविवाहिता बहिनी समेतलाई जनाउँछ ।

⊡२क. उमेरको गणना :◎संविधानको धारा १४२ को उपधारा (१) को खण्ड (ख) र धारा १४९ को उपधारा (६) को खण्ड (ख) को प्रयोजनको लागि न्यायाधीशको उमेर देहायका आधारमा गणना गर्दा जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा उमेरको गणना गरिनेछ :-

(क) निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर,

(ख) निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर, वा

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

⊡ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा थप ।

(ग) निजको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर ।

॥ ३. न्यायाधीशको पारिश्रमिक : उच्च अदालतको मुख्य न्यायाधीशले चौबीस हजार तीन सय रुपैयाँ, उच्च अदालतको अन्य न्यायाधीशले बाईस हजार आठ सय रुपैयाँ र जिल्ला अदालतका न्यायाधीशले अठार हजार आठ सय रुपैयाँ मासिक पारिश्रमिक पाउनेछन् ।α

४. दुर्गम स्थान भत्ता: दुर्गम स्थानमा रहेको उच्च अदालत र जिल्ला अदालतमा कार्यरत न्यायाधीशले पारिश्रमिकको अतिरिक्त निजामती कर्मचारीहरुले पाए सरहको दुर्गम स्थान भत्ता समेत पाउनेछन् ।

५. प्रशासकीय भत्ता : जिल्ला अदालतको प्रशासकीय काम गर्ने एकजना न्यायाधीशलाई प्रशासकीय भत्ता वापत मासिक तीन सय रुपैयाँ दिइनेछ ।

६. आवास सुविधा : (१) उच्च तथा जिल्ला अदालत रहेको ठाउँमा आफ्नो उपयुक्त घर नहुने न्यायाधीशलाई आवासको निमित्त नेपाल सरकारबाट सरकारी घरको बन्दोवस्त हुनेछ ।

॥(२) उपदफा (१) बमोजिम सरकारी घरको बन्दोवस्त हुन नसकी भाडाको घरमा बस्ने न्यायाधीशलाई प्रत्येक महिना घरभाडा वापत देहाय बमोजिमको रकम दिइनेछ :-

(क) उच्च अदालतको मुख्य न्यायाधीशलाई बाह्र हजार एक सय पचास रुपैयाँ,

(ख) उच्च अदालतको अन्य न्यायाधीशलाई एघार हजार चार सय रुपैयाँ,

(ग) जिल्ला अदालतको न्यायाधीशलाई नौ हजार चार सय रुपैयाँ ।

⊡(२क) आफ्नो घरमा बस्ने उच्च अदालतको मुख्य न्यायाधीश तथा अन्य न्यायाधीश र जिल्ला न्यायाधीशलाई घर सफाई तथा मर्मतको लागि प्रत्येक महिना क्रमश: एक हजार पाँच सय रुपैयाँ, एक हजार दुई सय रुपैयाँ र एक हजार रुपैयाँ दिइनेछ ।

---

॥ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

α नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।३।३१ को निर्णय अनुसार मिति २०७३।४।१ देखि लागू हुने गरी मुख्य न्यायाधीश र न्यायाधीशको मासिक पारिश्रमिक क्रमश: रु. ५७,७८०।- र रु. ५४,५९०।- कायम गरिएको ।

⊡ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा थप ।

(३) उपदफा (१) वा (२) बमोजिम उपलब्ध आवास सुविधा न्यायाधीशले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म उपभोग गर्न पाउनेछ ।

७. बिजुली, धारा र टेलिफोन सुविधा : (१) न्यायाधीशको आवासमा एक लाईन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी वापत लाग्ने रकम नेपाल सरकारले व्यहोर्नेछ । यसरी जडान भएको टेलिफोन नेपाल सरकारको स्वामित्वमा रहनेछ ।

⁂(२) न्यायाधीशको आवासमा जडान गरिएको बिजुली, धारा र टेलिफोन महसुल वापत ॥ उच्च अदालतका न्यायाधीशलाई मासिक एक हजार पाँच सय रुपैयाँ र जिल्ला अदालतका न्यायाधीशलाई मासिक एक हजार दुई सय रुपैयाँ एकमुष्ट उपलब्ध गराइनेछ ।

॥ ८. सवारी तथा इन्धन सुविधा : (१) उच्च अदालत रहेको ठाउँमा मोटरको आवागमन हुने रहेछ भने सवारीको निमित्त उच्च अदालतको मुख्य न्यायाधीशलाई ड्राइभर सहितको मोटर एक, मासिक एक सय लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल तथा उच्च अदालतका अन्य न्यायाधीशलाई ड्राइभर सहितको मोटर एक, मासिक असी लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(२) जिल्ला अदालत रहेको ठाउँमा मोटरको आवागमन हुने रहेछ भने सवारीको निमित्त जिल्ला अदालतको न्यायाधीशलाई उपलब्ध भएसम्म ड्राइभर सहितको मोटर एक, मासिक बहत्तर लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) आफ्नो निजी मोटर प्रयोग गर्ने उच्च अदालतको न्यायाधीश तथा जिल्ला अदालतको न्यायाधीशलाई ड्राइभरको निमित्त नेपाल सरकारको हलुका सवारी चालक, प्रथम स्तरको तलवमानको शुरु स्केल बराबरको रकम, मासिक क्रमश: असी लिटर तथा बहत्तर लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल बापतको रकम नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम उपलब्ध गराइएको सरकारी मोटरको नियमित मर्मत र सम्भारको बन्दोवस्त सम्बन्धित अदालतबाट हुनेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम न्यायाधीशलाई उपलब्ध गराइएको सरकारी मोटर खरिद भएको बाह्र वर्षसम्म उक्त न्यायाधीश सरुवा वा नियुक्ति भई अन्य अदालतमा जाँदा समेत सोही मोटर प्रयोग गर्नु पर्नेछ र त्यस्तो न्यायाधीश मोटरको आवागमन नहुने स्थानको अदालतमा सरुवा भएमा सो मोटरको आवश्यक बन्दोवस्त सर्वोच्च अदालतले गर्नेछ ।

---

⁂ दोस्रो संशोधनद्वारा संशोधित ।

॥ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

९. <u>सञ्चयकोष</u> : न्यायाधीशको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चयकोष कट्टा गरी सो कट्टा भएको रकममा नेपाल सरकारले शतप्रतिशत थप गरी सञ्चयकोषमा जम्मा गरी दिनेछ ।

१०. <u>दैनिक तथा भ्रमण भत्ता</u> : (१) न्यायाधीश आफू नियुक्त वा सरुवा भएको वा काज खटिएको स्थानमा जाँदा वा आफ्नो ओहदा सम्बन्धी काममा नेपाल ⏭……… भित्र भ्रमण गर्दा निजलाई देहाय बमोजिम दैनिक भत्ता दिइनेछ :-

(क) उच्च अदालतको मुख्य न्यायाधीशलाई ॥<u>रु. ५००/-</u>

(ख) उच्च अदालतको अन्य न्यायाधीश तथा जिल्ला अदालतको न्यायाधीशलाई ॥<u>क्रमश: रु. ५००/- र रु. ४५०/-</u>

॥(ग) न्यायाधीशले दुर्गम क्षेत्रका कुनै जिल्लामा भ्रमण गरे वापत प्रचलित कानून बमोजिम थप भ्रमण भत्ता पाउने भए सो समेत पाउनेछ ।

(२) न्यायाधीशले उपदफा (१) बमोजिम भ्रमण गर्दा निजलाई देहाय बमोजिम भ्रमण भत्ता दिईनेछ :-

(क) ■………………

(ख) ■………………

(ख१) ■………………

(ग) हवाईजहाज, रेल, बस वा अन्य सवारी साधनबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च ।

🗗(२क) उपदफा (१) बमोजिम भ्रमणमा जाँदा बास बस्नु परेमा प्रत्येक रातको लागि उच्च अदालतको न्यायाधीशलाई एक हजार दुई सय रुपैयाँ र जिल्ला अदालतको न्यायाधीशलाई आठ सय रुपैयाँमा नबढ्ने गरी एकपटकमा बढीमा सात दिनको बील बमोजिमको होटेल खर्च दिइनेछ ।

(३) कुनै न्यायाधीश आफू पदस्थापन भएको अदालतबाट अर्को अदालतमा काजमा खटिएको पहिलो नब्बे दिनसम्मको लागि मात्र निजले उपदफा (१) बमोजिमको दरले दैनिक भत्ता पाउनेछ ।

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

॥ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

■ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा झिकिएको ।

🗗 न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा थप ।

११. विदेशमा जाँदाको दैनिक तथा भ्रमण भत्ता : (१) कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन नेपाल ⏭.......... बाहिर औपचारिक भ्रमण गर्दा न्यायाधीशलाई देहाय बमोजिम दैनिक भत्ता दिइनेछ :-

॥(क) दैनिक भत्ता : उच्च अदालतको न्यायाधीश र जिल्ला अदालतको न्यायाधीशलाई क्रमश: १७५ र १५० अमेरिकी डलर दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

तर भारतको चेन्नाई, हैदरावाद, बैङ्गलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा सो दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

(ख) भ्रमण भत्ता : रेल, बस वा अन्य सवारी साधनबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च र हवाई जहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने ईकोनोमी दर्जाको टिकट खर्च दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन जाने न्यायाधीशको सम्पूर्ण खर्च कुनै विदेशी सरकार वा संघ संस्थाले व्यहोर्ने भएमा त्यस्तो न्यायाधीशले उपदफा (१) मा उल्लेखित दैनिक भत्ताको एक चौथाई रकम मात्र पकेट खर्च वापत पाउनेछ ।

॥(३) उपदफा (१) बमोजिम कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन नेपालबाहिर जाँदा उच्च अदालतका न्यायाधीश र जिल्ला अदालतका न्यायाधीशले दुई वर्षमा एकपटक क्रमश: दश हजार रुपैयाँ र आठ हजार रुपैयाँ लुगा भत्ता वापत पाउनेछन् ।

१२. बीमा खर्च : न्यायाधीशले पदीय कामको सिलसिलामा भ्रमण गर्दा दुईलाख रुपैयाँ बराबरको दुर्घटना बीमा गराउन सक्नेछ । सो वापत लाग्ने खर्च नेपाल सरकारले व्यहोर्नेछ ।

१३. दैनिक तथा भ्रमण भत्ता सम्बन्धी अन्य सुविधाहरु : (१) नयाँ नियुक्ति भई वा एक अदालतबाट अर्को अदालतमा सरुवा भई जाँदा न्यायाधीशले आफ्नो परिवारलाई आफू तत्काल बहाल भएको ठाउँबाट आफ्नो घर फर्काउँदा वा आफू नियुक्त भएको वा सरुवा भएको ठाउँमा लग्दा एक पटक निजको परिवारका सदस्यलाई देहायका दरले दैनिक तथा भ्रमण भत्ता दिइनेछ :-

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

॥ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

(क) दश वर्ष वा सो भन्दा माथिका सदस्यलाई न्यायाधीशले पाए सरह ।

(ख) दश वर्ष मुनिका सदस्यलाई न्यायाधीशले पाउने भत्ताको आधा ।

(२) नयाँ नियुक्ति भई वा एक अदालतबाट अर्को अदालतमा सरुवा भई जाँदा न्यायाधीशले रेल, बस वा हवाईजहाजबाट भ्रमण गर्दा चालीस किलोसम्म अतिरिक्त तौलको भाडा भरौट खर्च पाउनेछ ।

(३) कुनै पनि कारणबाट न्यायाधीश सेवाबाट अलग भई घर फर्कनु परेमा निज र निजको परिवारको सदस्यले यस ऐन बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछ र त्यस्तो भत्ताहरु निजको बहाल टुटेको अदालतबाट दिइनेछ ।

(४) न्यायाधीशको मृत्यु उप्रान्त निजको परिवारको सदस्यले यस ऐन बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ता त्यस्तो मृत न्यायाधीश बहाल रहेको अदालतबाट लिन पाउनेछ ।

तर अदालतको सदर मुकाम बाहेक अन्यत्र बसेको परिवारका सदस्यलाई यस उपदफा बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइने छैन ।

(५) भइपरी आउने बिदा र पर्व बिदा बाहेक अन्य कुनै पनि बिदा नलिई एकै अदालतमा तीन वर्ष बिताई सकेको न्यायाधीशले घर बिदामा आफ्नो घर जाँदा र घरबाट फर्कदा यस ऐन बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

तर यस उपदफा बमोजिम निजको परिवारका सदस्यलाई दैनिक तथा भ्रमण भत्ता दिइने छैन ।

(६) सरुवा भई जाने न्यायाधीशले सरुवा भएको अदालतमा हिसाब बुझाउने गरी आफू बहाल रहेको अदालतबाट यस ऐन बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ताको रकम पेश्की लिन पाउनेछ ।

⊡१३क. <u>सहयोगी भर्ना गर्न पाउने</u> : न्यायाधीशले आफू पदमा बहाल रहेसम्मको लागि श्रेणीविहीन पियन, प्रथम स्तर सरहको एकजना सहयोगी भर्ना गर्न पाउनेछ र निजको पारिश्रमिक नेपाल सरकारले व्यहोर्नेछ ।

॥१४. <u>चाडपर्व खर्च</u> : (१) न्यायाधीशले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

---

⊡ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा थप ।

॥ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिमको रकम न्यायाधीशले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

१५. बिदा : (१) न्यायाधीशले देहायका बिदाहरु पाउन सक्नेछ :-

(क) भइपरी आउने बिदा,

(ख) पर्व बिदा,

(ग) घर बिदा,

(घ) विरामी बिदा,

(ङ) कृया बिदा,

(च) विशेष बिदा, र

(छ) प्रसूति बिदा ।

f(ज) प्रसूती स्याहार विदा

(२) जिल्ला अदालतको न्यायाधीशले उपदफा (१) मा लेखिएको बिदाको अतिरिक्त अध्ययन बिदा समेत पाउन सक्नेछ ।

१६. भइपरी आउने बिदा र पर्व बिदा : ρ(१) न्यायाधीशले प्रत्येक वर्ष पारिश्रमिक सहितको ६ दिन भइपरी आउने बिदा र ६ दिन पर्व बिदा लिन सक्नेछ ।

(२) एक वर्षको भइपरी आउने बिदा र पर्व बिदा संचित गरी अर्को वर्ष लिन पाइने छैन ।

१७. घर बिदा : (१) न्यायाधीशले प्रत्येक वर्ष तीस दिनमा नबढाई पारिश्रमिक सहितको घर बिदा लिन पाउनेछ । घर बिदा बढीमा एकसय पचास दिनसम्म संचित गरी राख्न सकिनेछ ।

(२) जुनसुकै व्यहोराले न्यायाधीश सेवाबाट अलग भएमा निजको संचित रहेको घर बिदा मध्ये बढीमा एक सय बीस दिनको घर बिदा वापत निजले पाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

तर एक सय बीस दिन भन्दा बढी बिदा संचित हुने न्यायाधीशले सो बढी बिदा मध्ये प्रत्येक वर्षको चैत्र मसान्तसम्म संचित रहेको घर बिदा मध्ये बढीमा तीस दिनसम्मको घर बिदा वापत निजले पाई आएको पारिश्रमिकको दरले हुन आउने रकम सोही आर्थिक वर्षको अन्त्यसम्ममा एकमुष्ट लिन यस उपदफाले बन्देज लगाएको मानिने छैन ।

---

f लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

ρ पहिलो संशोधनद्वारा संशोधित ।

(३) संचित घर बिदा वा सो बापतको रकम लिन नपाउँदै न्यायाधीशको मृत्यु भएमा त्यस्तो रकम दफा २९ को उपदफा (१) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

(४) न्यायाधीशले घर बिदामा घर जाँदा र घरबाट फर्कदा वर्षको एक पटक पैदलको बाटोलाई आठ कोषको निमित्त एक दिनको दरले र मोटर, रेल वा हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ ।

१८. विरामी बिदा : (१) न्यायाधीशले प्रत्येक वर्ष पारिश्रमिक सहितको बाह्र दिन विरामी बिदा पाउनेछ । विरामी बिदा वर्ष भुक्तान नहुँदै पनि बढीमा बाह्र दिनसम्म लिन सकिनेछ ।

(२) ✂.............. न्यायाधीशलाई कुनै ठूलो र कडा रोग लागि स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा निजको विरामी बिदा वा घर बिदा बाँकी रहेनछ भने एक पटकमा दुई महिनासम्म पारिश्रमिक सहितको र चार महिनासम्म बिना पारिश्रमिकको थप विरामी बिदा पाउन सक्नेछ ।

तर,

(१) पारिश्रमिक सहितको थप विरामी बिदा लिएकोमा त्यस्तो थप विरामी बिदा निजको पछि पाक्ने घर बिदा र विरामी बिदाबाट कट्टी हुनेछ ।

(२) सेवा अवधि भरमा जम्मा बाह्र महिना भन्दा बढी बिना पारिश्रमिकको थप विरामी बिदा पाउने छैन ।

(३) न्यायाधीशले पाउने विरामी बिदा संचित गर्न सक्नेछ र जुनसुकै व्यहोराले निज आफ्नो पदमा बहाल नरहेमा निजको संचित रहेको विरामी बिदा वापत निजले पाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(४) सात दिन भन्दा बढी अवधिको विरामी बिदाको अनुरोध गर्ने ✂.......... न्यायाधीशले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने ◈उच्च अदालतको मुख्य न्यायाधीशको हकमा प्रधान न्यायाधीशलाई र अन्य न्यायाधीशहरुको हकमा उच्च अदालतको मुख्य न्यायाधीशलाई विश्वास भएमा निजले सो व्यहोरा जनाई प्रमाणपत्र पेश गर्न नपर्ने गर्न सक्नेछ ।

ρ(५) उपदफा (२) बमोजिम विरामी बिदा लिने न्यायाधीशको मृत्यु भएमा पेश्की लिएको बिदा स्वत: मिनाहा हुनेछ ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको ।
◈ पहिलो संशोधनद्वारा थप ।
ρ पहिलो संशोधनद्वारा संशोधित ।

(६) ✄...............

(७) संचित विरामी बिदा वा सो बापतको रकम लिन नपाउँदै न्यायाधीशको मृत्यु भएमा त्यस्तो रकम दफा २९ को उपदफा (१) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

१९. कृया बिदा : न्यायाधीश आफै कृया बस्नु पर्दा कुल धर्म हेरी बढीमा पन्ध्र दिनसम्मको पारिश्रमिक सहितको कृया बिदा पाउन सक्नेछ ।

२०. विशेष बिदा : (१) न्यायाधीशले विशेष कारण देखाएमा प्रत्येक वर्ष बढीमा एक महिनामा नबढाई विशेष बिदा पाउन सक्नेछ ।

(२) एक वर्षको विशेष बिदा संचित गरी अर्को वर्षमा लिन पाउने छैन ।

(३) विशेष बिदा लिई बसेको न्यायाधीशले सो अवधिको पारिश्रमिक पाउने छैन ।

२१. प्रसूती बिदा : (१) महिला न्यायाधीशले प्रसूतीको अघिपछि गरी बढीमा }अन्ठानब्बे दिन पारिश्रमिक सहितको प्रसूती बिदा लिन सक्नेछ ।

∇(२)...........

∇(३)...........

*f*२१क. प्रसूती स्याहार विदा : (१) कुनै न्यायाधीशको पत्नी प्रसूती भएमा निजले पन्ध्र दिनको पारिश्रमिक सहितको प्रसूती स्याहार विदा पाउनेछ ।

(२) प्रसूती स्याहार विदा सेवा अवधिमा दुई पटक मात्र लिन पाइने छ ।

२२. अध्ययन बिदा : न्याय सम्पादनको लागि उपयोगी र आवश्यक पर्ने विषयमा नेपाल सरकारको वा नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा छानिई अध्ययन गर्न जाने जिल्ला अदालतको न्यायाधीशले पारिश्रमिक सहितको अध्ययन बिदा पाउनेछ ।

तर त्यस्तो बिदा तीन वर्ष भन्दा बढी अवधिको हुने छैन ।

२३. बिदा दिने अधिकारी : (१) उच्च अदालतको मुख्य न्यायाधीशले भइपरी आउने बिदा र पर्व बिदा बाहेक अन्य बिदाको स्वीकृति प्रधान न्यायाधीशबाट लिनु पर्नेछ ।

---

✄ पहिलो संशोधनद्वारा झिकिएको ।

} लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

∇ केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

*f* लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

(२) उच्च अदालतको अन्य न्यायाधीशले भइपरी आउने बिदा र पर्व बिदा बाहेक अन्य बिदाको स्वीकृति उच्च अदालतको मुख्य न्यायाधीशबाट लिनु पर्नेछ ।

(३) जिल्ला अदालतको न्यायाधीशले भइपरी आउने र पर्व बिदा बाहेक अन्य बिदाको स्वीकृति सम्बन्धित पुनरावेदन सुन्ने अदालतको मुख्य न्यायाधीशबाट लिनु पर्नेछ ।

(४) भइपरी आउने बिदा र पर्व बिदा न्यायाधीश आफैले लिन सक्नेछ ।

◈तर त्यसरी बिदा लिनु अघि यथासम्भव उच्च अदालतको न्यायाधीशले मुख्य न्यायाधीशलाई र जिल्ला अदालतको अतिरिक्त न्यायाधीशले जिल्ला न्यायाधीशलाई मौखिक सूचना दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम उच्च अदालतको मुख्य न्यायाधीशले कुनै न्यायाधीशलाई एक महिना भन्दा बढी अवधिको लागि बिदाको स्वीकृति दिँदा प्रधान न्यायाधीशसँग परामर्श गर्नु पर्नेछ ।

२४. अन्य सेवामा छँदाको संचित बिदा : कुनै संवैधानिक पदमा वा नेपाल सरकारको सेवामा रहेको व्यक्ति न्यायाधीशको पदमा नियुक्त भएमा निजले त्यस्तो पद वा सेवामा बहाल छँदा आर्जन गरेको संचित घर बिदा वा विरामी बिदा निजले यसै ऐन बमोजिम आर्जन गरी संचित गरे सरह मानिनेछ ।

२५. बहाली म्याद : (१) न्यायाधीशको पदमा नियुक्त व्यक्तिले नियुक्ति भएको एक महिनाभित्र आफ्नो पदको कार्यभार सम्हाल्नु पर्नेछ । निजले कार्यभार सम्हालेको मितिदेखि मात्र पारिश्रमिक पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र कुनै न्यायाधीशले मनासिव कारण बिना आफ्नो पदको कार्यभार नसम्हालेमा निजको पद रिक्त भएको मानिनेछ ।

(३) एक अदालतबाट अर्को अदालतमा सरुवा हुने न्यायाधीशले तयारीको निमित्त बढीमा सात दिनसम्मको म्याद पाउनेछ ।

२६. कायममुकायम र काजको व्यवस्था : (१) उच्च अदालतको मुख्य न्यायाधीशको पद रिक्त भएमा वा अस्वस्थताको वा अरु कुनै कारणले मुख्य न्यायाधीश आफ्नो पदको काम गर्न असमर्थ भएमा वा बिदा बसेको वा नेपाल ⏭.......... बाट बाहिर गएको कारणले मुख्य न्यायाधीश अदालतमा उपस्थित नहुने अवस्था परेमा प्रधान न्यायाधीशले सोही उच्च अदालतको वरिष्ठतम न्यायाधीशलाई कायममुकायम मुख्य न्यायाधीश भई काम गर्न तोक्न सक्नेछ ।

---

◈ पहिलो संशोधनद्वारा थप ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) उपदफा (१) बमोजिम कायममुकायम मुख्य न्यायाधीश भई काम गर्ने उच्च अदालतको न्यायाधीशले त्यसरी कायममुकायम भएको अवधि भरको निमित्त मुख्य न्यायाधीशले पाए सरहको पारिश्रमिक पाउनेछ ।

(३) उपदफा (१) बमोजिम कायममुकायमको व्यवस्था नभएसम्म सोही अदालतको वरिष्ठतम न्यायाधीशले निमित्त मुख्य न्यायाधीश भई काम गर्नेछ ।

(४) कुनै जिल्ला अदालतको न्यायाधीश पद कुनै कारणवश रिक्त भएमा वा कुनै जिल्ला अदालतको न्यायाधीश कुनै कारणले अदालतमा उपस्थित नहुने अवस्था परेमा प्रधान न्यायाधीशले त्यस्तो जिल्ला अदालतको वरिष्ठ अतिरिक्त न्यायाधीशलाई सो जिल्ला अदालतको न्यायाधीश भई काम गर्न तोक्न सक्नेछ । त्यस्तो जिल्ला अदालतमा अतिरिक्त न्यायाधीश नभएमा प्रधान न्यायाधीशले अर्को जिल्ला अदालतको अतिरिक्त न्यायाधीशलाई निश्चित अवधिको लागि उक्त जिल्ला अदालतको न्यायाधीश भई काम गर्न काज खटाउन सक्नेछ र त्यसरी काज खटाउँदा न्याय परिषद्लाई त्यसको सूचना दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम जिल्ला अदालतको न्यायाधीश भई काम गर्ने न्यायाधीशले त्यसरी काम गरेको अवधिभरको लागि प्रशासकीय भत्ता पाउनेछ ।

◈(६) जिल्ला अदालतमा भएको कार्यबोझको विचार गरी प्रधान न्यायाधीशले एक जिल्ला अदालतको कुनै न्यायाधीशलाई अर्को जिल्ला अदालतमा काज खटाउन सक्नेछ र त्यसरी काज खटाउँदा न्याय परिषद्लाई त्यसको सूचना दिनु पर्नेछ ।

२७. उपचार खर्च : (१) न्यायाधीश विरामी भई उपचार गराउँदा लागेको देहायको खर्च निजले उपचार खर्च वापत पाउनेछ :-

(क) अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको अस्पतालको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शन बमोजिम खरिद गरेको औषधी खर्च ।

तर चिकित्सकको प्रेसक्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ ।

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त वा अस्पताल भएपनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्था वा किसिमको रोगको सम्बन्धमा कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा

---

◈ पहिलो संशोधनद्वारा थप ।

हेल्थ असिष्टेण्टले जाँच गर्दा लिएको फी तथा जाँच गरी लेखिदिएको प्रेसक्रिप्शन अनुसार खरिद गरेको औषधी खर्च ।

तर चिकित्सकको प्रेसक्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ ।

(ग) चीरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बील बमोजिमको खर्च ।

(घ) चश्मा, दाँत, एयरफोन आदि उपकरणको लागि ρकूल सेवा अवधिमा रु. २,३००।- मा नबढ्ने गरी एक पटकमा रु. ७००।- सम्मको बील बमोजिमको खर्च ।

(ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधी उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको विरामीको र कुरुवा चाहिने अवस्था भए एकजना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्च वापत निजले पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा दुई सय रुपैयाँ भन्दा घटी खर्च भएकोमा उपचार खर्च दिइने छैन र कूल सेवा अवधि भर न्यायाधीशले पाउने बाह्र महिनाको पारिश्रमिक भन्दा बढी रकमको उपचार खर्च दिइने छैन ।

॥ तर पदीय कामको सिलसिलामा चोटपटक लाग्न गई घाइते भएको न्यायाधीशलाई स्वदेशमा उपचार गराउनको लागि र त्यसरी स्वदेशमा उपचार हुन नसक्ने भई विदेशमा उपचार गराउन नेपाल सरकारद्वारा गठन भएको मेडिकल बोर्डले सिफारिस गरेमा विदेशमा उपचार गराउनको लागि निजलाई उपदफा (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त नेपाल सरकारले उपयुक्त ठहऱ्याएको रकम थप आर्थिक सहायता दिन सकिनेछ ।

(३) यस दफा बमोजिम पाउने उपचार खर्च न्यायाधीशले पेश्कीको रुपमा लिन चाहेमा कारण मनासिब देखिए उपदफा (२) को अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ र त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार वापत पाउने रकम भन्दा बढी हुन आएमा बढी भए जति रकम निजको पारिश्रमिकबाट किस्ताबन्दीमा कट्टी गरिनेछ ।

---

ρ पहिलो संशोधनद्वारा संशोधित ।

॥ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

तर त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुँदै न्यायाधीशको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

(४) आफ्नो परिवारको कुनै सदस्य विरामी भएमा न्यायाधीशले उपदफा (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बील बमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशत रकम लिन पाउनेछ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेसक्रिप्शन पनि पेश गर्नु पर्नेछ । यस उपदफा बमोजिम पाउने उपचार खर्च एक पटकमा न्यायाधीशको एक महिनाको पारिश्रमिक भन्दा बढी हुने छैन ।

(५) आफ्नो परिवारको कुनै सदस्य विरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पतालमा भर्ना भई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शन बमोजिम लागेको औषधी उपचार खर्चको नब्बे प्रतिशत रकम न्यायाधीशले उपदफा (२) बमोजिम पाउने रकम मध्येबाट पाउनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायाधीशको सगोलको पति वा पत्नी, आमा वा बाबु कुनै सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थानको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउने छैन ।

(७) न्यायाधीशले सेवाबाट अलग हुँदा उपदफा (२) बमोजिम कुल सेवा अवधि भरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भएजति रकमको दुई तिहाईको हिसाबले हुने एकमुष्ट ρरकम लिन पाउनेछ ।

तर निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएका न्यायाधीशले त्यस्तो बाँकी भए जति पूरै रकम र उच्च अदालतको न्यायाधीशले पन्ध्र वर्ष तथा जिल्ला अदालतको न्यायाधीशले पच्चीस वर्ष सेवा अवधि पूरा गरेको रहेछ भने त्यसमा अर्को दश प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट निजहरुले त्यसरी सेवाबाट अलग हुँदा लिन पाउनेछन् ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको सेवा गरे वापत उपचार खर्च लिईसकेको न्यायाधीशले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।

---

ρ पहिलो संशोधनद्वारा संशोधित ।

(९) न्यायाधीशलाई देहायको अवस्थामा बाहेक परिवार र आफ्नो निमित्त समेत गरेर एक वर्षमा निजले पाई आएको डेढ महिनाको पारिश्रमिक बराबरको रकम भन्दा बढी उपचार खर्च दिइने छैन :-

(क) यस दफा बमोजिम विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेश मै पनि अस्पतालमा भर्ना भई उपचार गराउनु पर्दा ।

(ख) उपदफा (५) बमोजिम परिवारलाई उपचार गराउँदा ।

(१०) यस दफा बमोजिम पाउने उपचार खर्च लिन नपाउँदै न्यायाधीशको मृत्यु भएमा त्यस्तो उपचार खर्च दफा २९ को उपदफा (१) मा तोकिएको व्यक्तिले लिन पाउनेछ ।

(११) यस दफा बमोजिम न्यायाधीशले पाएको उपचार खर्चको विवरण न्यायाधीशको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ ।

[ρ]२८. निवृत्तभरण र उपदान : (१) उच्च अदालतको न्यायाधीशले सो पदमा बाह्र वर्ष र जिल्ला अदालतको न्यायाधीशले बीस वर्षको सेवाको अवधि पूरा गरेको रहेछ भने निजले अवकाश प्राप्त गरे पछि आफ्नो मासिक पारिश्रमिकको पचास प्रतिशत मासिक निवृत्तभरण पाउनेछ ।

तर नेपाल सरकारको सेवाबाट न्यायाधीशको पदमा नियुक्ति भई अवकाश प्राप्त गर्ने न्यायाधीशले सरकारी सेवा र न्यायाधीशको पदमा गरी बीस वर्ष वा सो भन्दा बढी अवधि पूरा गरेको रहेछ भने निजले अवकाश प्राप्त गरे पछि माथि लेखिए बमोजिमको मासिक निवृत्तभरण वा देहायको हिसाबले हुने मासिक निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछ :-

जम्मा सेवा वर्ष × मासिक पारिश्रमिक
५०

(२) उपदफा (१) बमोजिम निवृत्तभरण पाउनको लागि सेवाको अवधि नपुगेको न्यायाधीशले निजले पूरा गरेको सेवा अवधिको जम्मा वर्षलाई निजको एक महिनाको पारिश्रमिकको अंकले गुणन गर्दा हुन आउने अंक बराबरको एकमुष्ट रकम उपदान पाउनेछ ।

(३) उच्च अदालतको न्यायाधीशको पदमा बाह्र वर्ष भन्दा बढी सेवा अवधि पूरा गर्ने न्यायाधीशले उपदफा (१) बमोजिम पाउने निवृत्तभरणमा त्यसरी सेवा गरेको प्रत्येक वर्षको लागि निजको मासिक पारिश्रमिकको शून्य दशमलव पाँच प्रतिशतले हुने रकम थप निवृत्तभरण पाउनेछ ।

---

ρ पहिलो संशोधनद्वारा संशोधित ।

(४) उपदफा (१) र (२) बमोजिमको निवृत्तभरण वा उपदानको प्रयोजनको लागि उच्च अदालत गठन हुनु भन्दा पहिले ®क्षेत्रीय अदालत वा पुनरावेदन अदालतको न्यायाधीशको पदमा काम गरेको अवधिलाई समेत उच्च अदालतको न्यायाधीशको पदमा काम गरेको अवधि मानिनेछ ।

(५) न्यायाधीशको पारिश्रमिक बृद्धि हुँदा पारिश्रमिकको अंकमा जति प्रतिशतले बृद्धि भएको छ निवृत्तभरण पाइरहेको न्यायाधीशको पनि निजले पाई आएको निवृत्तभरणको अंकमा त्यस्तो बृद्धिको छैसठ्ठी प्रतिशतको दरले बृद्धि हुनेछ ।

(६) क्षेत्रीय अदालतको न्यायाधीशको पदमा वा नेपाल सरकारको सेवा गरे वापत निवृत्तभरण पाइरहेको व्यक्ति न्यायाधीश पदमा नियुक्त भई यस ऐन बमोजिम पनि निवृत्तभरण पाउन सक्ने भएमा निजले अघि पाइरहेको निवृत्तभरण र यस ऐन बमोजिम पाउने निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछ ।

(७) माथि उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि खराब आचरण भएको वा आफ्नो पदीय कर्तव्य ईमान्दारी पूर्वक पालन नगरेको कारणबाट पदमुक्त गरिएको न्यायाधीशले यस ऐन बमोजिम निवृत्तभरण वा उपदान पाउने छैन ।

२९. पारिवारिक निवृत्तभरण र उपदान : (१) देहायको अवस्थामा देहायका अवधिसम्मको लागि न्यायाधीशले आफ्नो परिवारका सदस्यहरुमध्ये इच्छ्याएको व्यक्तिलाई र त्यस्तो इच्छ्याएको व्यक्तिको मृत्यु भएको वा न्यायाधीशले कसैलाई पनि नइच्छ्याएकोमा निजको परिवारका सदस्यहरुमध्ये नजिकको हकदारलाई दफा २८ बमोजिमको निवृत्तभरण दिइनेछ :-

(क) पदमा बहाल छँदै न्यायाधीशको मृत्यु भएमा मृत्यु भएदेखि सात वर्षसम्म,

(ख) निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै निजको मृत्यु भएमा सो सात वर्ष नपुगेको बाँकी अवधिसम्म ।

(२) न्यायाधीशको मृत्यु हुँदा निवृत्तभरण पाउने अवधि नपुगी उपदानसम्म पाउने रहेछ भने त्यस्तो उपदानको रकम निजको परिवारका सदस्यहरुमध्ये उपदफा (१) बमोजिमको व्यक्तिले पाउनेछ ।

(३) उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण पाउने अवधि भुक्तान भइसकेपछि मृत न्यायाधीशको विधवा पत्नी वा विधुर पतिले जीवनभर त्यस्तो निवृत्तभरणको आधा रकम लिन पाउनेछ ।

तर निवृत्तभरण पाईरहेको व्यक्तिले दोहोरो निवृत्तभरण पाउने छैन ।

---

® केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

३०. <u>अशक्त वृत्ति</u> : ρ(१) कुनै न्यायाधीश आफ्नो पदीय कामको सिलसिलामा दुर्घटनामा परी निजको अंगभंग भै वा चोटपटक लागी आफ्नो पदको काम गर्नको लागि अशक्त भएमा निजले बाँचुञ्जेलसम्म उपदफा (२) मा लेखिए बमोजिम निवृत्तभरणको अतिरिक्त उपदफा (३) मा लेखिए बमोजिमको अशक्त वृत्ति समेत पाउनेछ ।

ρ(२) उपदफा (१) बमोजिम अशक्त भएको न्यायाधीशले दफा २८ बमोजिम निवृत्तभरण पाउने सेवा अवधि पूरा गरेको भए सोही बमोजिम र पूरा नगरेको भए त्यस्तो अवधि पुऱ्याउन नपुग अवधिको निमित्त दामासाहीको हिसाबले कट्टी गरी बाँकी हुन आउने निवृत्तभरणको रकम पाउनेछ ।

तर त्यसरी कट्टी गर्दा निजले सेवा अवधि पूरा गरेमा पाउन सक्ने न्यूनतम निवृत्तभरणको तीन खण्डको एक खण्ड भन्दा कम हुने गरी कट्टी गरिने छैन ।

ρ(३) उपदफा (१) बमोजिम अशक्त भएको न्यायाधीशलाई अवस्था हेरी आर्थिक सहायता वापत दश हजार रुपैयाँसम्म एकमुष्ट रकम दिन सकिनेछ ।

(४) उपदफा (१) बमोजिम चोटपटक लाग्न गै उपचार गराउँदा लाग्ने उपचार खर्चको शत प्रतिशत रकम त्यस्तो न्यायाधीशले पाउनेछ ।

(५) अशक्तता वापत उपदफा (२) बमोजिम पाउने निवृत्तभरणको अतिरिक्त पाउने थप मासिक अशक्त भत्ता देहायको अशक्तता वापत देहाय बमोजिम हुनेछ :-

| अशक्तताको प्रतिशत | भत्ता प्रतिशत |
|---|---|
| १०० | रु. १२५।- |
| ९० | रु. ११२।५० |
| ८० | रु. १००।- |
| ७० | रु. ८७।५० |
| ६० | रु. ७५।- |
| ५० | रु. ६२।५० |
| ४० | रु. ५०।- |
| ३० | रु. ३७।५० |

ρ पहिलो संशोधनद्वारा संशोधित ।

ρ पहिलो संशोधनद्वारा संशोधित ।

स्पष्टीकरण :

(क) बीस प्रतिशत भन्दा कम्ती अशक्तलाई अशक्त भएको मानिने छैन ।

(ख) अशक्त वृत्ति पाउन थालेको न्यायाधीशले आफ्नो कार्यभार सम्हाल्न सक्षम भएमा यो दफा बमोजिमको अशक्त वृत्ति पाउने छैन ।

(६) अशक्त वृत्ति पाइरहेको कुनै न्यायाधीशको मृत्यु त्यस्तो अशक्त वृत्ति पाउन थालेको मितिले सात वर्षभित्र भएमा सो सात वर्ष पूरा हुन बाँकी अवधि वापत पाउने अशक्त वृत्ति उपदानको रुपमा एकमुष्ट रकम दफा २९ को उपदफा (१) मा तोकिएको व्यक्तिलाई दिइनेछ ।

३१. अंगभंग भए वापत पाउने सुविधा : (१) कुनै न्यायाधीश पदीय कामको सिलसिलामा चोटपटक लाग्न गई सेवाबाट अवकाश लिनु पर्ने नभए तापनि सो चोटपटकको कारणबाट निजको क्षमता बृद्धिलाई बाधा पर्ने भएमा त्यस्तो न्यायाधीशलाई लागेको चोटपटकको अवस्थाको विचार गरी दश हजार रुपैयाँसम्मको एकमुष्ट रकम आर्थिक सहायता दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको चोट पटकको उपचार गराउन आवश्यक पर्ने अवधिभरको निमित्त न्यायाधीशले कुनै पनि सञ्चित बिदाबाट बिदा कट्टा नहुने गरी पूरा तलब सहितको थप बिरामी बिदा पाउनेछ ।

(३) उपदफा (२) बमोजिम उपचार गराउँदा लागेको उपचार खर्चको शत प्रतिशत रकम त्यस्तो न्यायाधीशले पाउनेछ । यसरी उपचार गर्दा भएको खर्च दफा २७ बमोजिम निजले पाउन सक्ने उपचार खर्चबाट कट्टी हुने छैन ।

(४) कुनै न्यायाधीशले जानाजान आफ्नै गम्भीर लापरवाहीको कारण चोटपटक लगाई अंगभंग भएकोमा यस ऐन बमोजिमको सुविधा पाउने छैन ।

३२. असाधारण पारिवारिक निवृत्तभरण तथा उपदान : (१) कुनै न्यायाधीशको पदीय कामको सिलसिलामा दुर्घटनामा परी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधवा पत्नी वा विधुर पतिलाई देहाय बमोजिमको छुट्टै आजीवन मासिक पारिवारिक वृत्ति र त्यसमा थप देहाय बमोजिमको पटके उपदान समेत दिइनेछ :-

| | पारिवारिक वृत्तिको मासिक दर | पटके उपदान |
|---|---|---|

(क) उच्च अदालतको न्यायाधीश रु. २५०।- रु. ८,७५०।-

(ख) जिल्ला अदालतको न्यायाधीश रु. १९५।- रु. ६,५००।-

(२) न्यायाधीशको विधवा पत्नी वा विधुर पतिलाई देहायको अवस्थामा मात्र मान्यता दिइनेछ :-

(क) न्यायाधीशको मृत्यु हुनु अघि न्यायाधीशसँग वैवाहिक सम्बन्ध भइसकेको हुनु पर्दछ ।

(ख) न्यायाधीशको मृत्यु भएको समयमा निजसँग सगोलमा बसेको हुनु पर्दछ ।

(३) विधवा पत्नी नभएमा वा पतिको मृत्यु अघि निजबाट छुट्टिसकेको भएमा वा विधवा पत्नीको पुनर्विवाह भइसकेकोमा विधवा पत्नीबाट जन्मेको [⌠]सन्तानलाई उपदफा (१) मा तोकिएको पटके उपदान दामासाहीले एकमुष्ट दिन सकिनेछ ।

तर सोह्र वर्ष भन्दा कम उमेरका [⌠]सन्तान रहेछन् भने निजहरुको गुजाराको निमित्त नेपाल सरकारले मनासिव देखेको अवधिसम्मको लागि विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको अंकको दुई तिहाईमा नबढ्ने गरी मनासिव ठहरिन आएको दरले पारिवारिक वृत्ति पनि प्रदान गर्न सक्नेछ ।

(४) मृत न्यायाधीशको विधवा पत्नी, [⌠]विधुर पति वा सन्तान रहेनछन् र त्यस्तो मृत न्यायाधीशको आश्रीत आमा बाबु दुवै वा दुई मध्ये एक रहेछन् भने निजहरुको गुजाराको निमित्त नेपाल सरकारले मनासिव देखेको अवधिसम्मको लागि विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको अंकको दुई तिहाईमा नबढ्ने गरी मनासिव ठहरिन आएको दरले पारिवारिक वृत्ति प्रदान गर्न सक्नेछ ।

(५) [τ]...........

(६) मृत न्यायाधीशको विधवा पत्नी, [⌠]सन्तान वा आमा बाबु कुनै रहेनछन् र निज कर्मचारीको आश्रीत दाजु भाइ वा अविवाहिता दिदी बहिनीहरु मध्ये कुनै रहेछन् भने निजहरुको गुजाराको निमित्त नेपाल सरकारले मनासिव देखेको अवधिसम्मको लागि दामासाहीले विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको अंकको दुई तिहाईमा नबढ्ने गरी मनासिब ठहरिन आएको रकम पारिवारिक वृत्ति प्रदान गर्न सक्नेछ ।

---

⌠ लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

τ लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

३३. शैक्षिक भत्ता वा सन्तति वृत्ति : (१) कुनै न्यायाधीशको पदीय कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु भएमा वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने भएमा त्यस्ता मृत वा अशक्त न्यायाधीशको प्रत्येक सन्ततिलाई १८ वर्षको उमेर नपुगुन्जेल नौसय रुपैयाँका दरले वार्षिक शैक्षिक भत्ता दिइनेछ ।

(२) पदीय कामको सिलसिलामा मृत्यु भएको न्यायाधीशको प्रत्येक सन्ततिलाई (आमा बाबु दुवै जीवित नहुने) उपदफा (१) बमोजिमको शैक्षिक भत्ताको अतिरिक्त मासिक पचहत्तर रुपैयाँका दरले सन्तति वृत्ति समेत दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको वृत्ति सम्बन्धित सन्ततिले एक्काईस वर्ष उमेर पूरा गरेको वा सरकारी सेवामा प्रवेश गरेकोमा जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

तर एक्काईस वर्षको उमेर पूरा नहुँदै विवाह गर्ने सन्ततिको हकमा विवाह भएको मिति उप्रान्त त्यस्तो सन्तति वृत्ति दिइने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागी “सन्तति” भन्नाले मृत वा अशक्त न्यायाधीशको छोरा तथा छोरी सम्झनु पर्छ ।

(४) कुनै न्यायाधीशको पदीय कामको सिलसिलामा मृत्यु भएमा वा निज आजीवन अशक्त भएमा निजले, निजको परिवार वा सन्ततिले पाउने वृत्ति वा उपदानको सम्बन्धमा न्याय परिषद्ले नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

⧉३३क. निलम्बन भएमा पाउने तलब : पुनरावेदन तथा जिल्ला अदालतको न्यायाधीश न्याय परिषद्बाट मुद्दा चली निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा रकम मात्र पाउनेछ ।

तर लागेको आरोप प्रमाणित नभई निजले सफाई पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब पाउनेछ । कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब पाउने छैन ।

३४. यस ऐन बमोजिम पाउन बाँकी रकम सम्बन्धमा : यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै न्यायाधीशको मृत्यु भएमा त्यस्तो रकम दफा २९ को उपदफा (१) बमोजिमको व्यक्तिले पाउनेछ ।

‖३४क. पारिश्रमिक तथा सुविधामा थप वा वृद्धि गर्न सक्ने : नेपाल सरकारले समय समयमा अन्य राष्ट्र सेवकको पारिश्रमिक, सुविधा र सहुलियतमा थप वा वृद्धि

---

⧉ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा थप ।

‖ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

गर्दा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन बमोजिम न्यायाधीशले पाउने पारिश्रमिक, सुविधा र सहुलियतमा समेत थप वा वृद्धि गर्न सक्नेछ ।

३४ख. शपथ ग्रहण : आफ्नो पदको कार्यभार सम्हाल्नु अघि उच्च अदालतको मुख्य न्यायाधीशले प्रधान न्यायाधीश समक्ष र उच्च अदालतका अन्य न्यायाधीश तथा जिल्ला अदालतका न्यायाधीशले सम्बन्धित उच्च अदालतका मुख्य न्यायाधीश समक्ष अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

३५. पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी अध्यादेश, २०४८ निष्क्रिय भएपछि त्यसको परिणाम : पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी अध्यादेश, २०४८ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

## ⊡अनुसूची

(दफा ३४ख. सँग सम्बन्धित)

<u>शपथ</u>

म … … … … … … … सत्य, निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानूनप्रति पूर्ण निष्ठावान रही आफूले ग्रहण गरेको … … … पदको जिम्मेवारी न्यायपालिकाको स्वच्छता र मर्यादा विपरीत नहुने गरी, कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारी साथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

मिति :…………… हस्ताक्षर

---

⊡ न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा थप ।

दृष्टव्य:- (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"

(२) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ को दफा ८९ को उपदफा (१) को खण्ड (ख) र उपदफा (२) तुरुन्त प्रारम्भ भएका र उपदफा (१) को खण्ड (क), उपदफा (३) र (४) मिति २०७३।६।३ देखि प्रारम्भ भएको (नेपाल राजपत्र २०७३।५।२९)

(३) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरु :-
(क) "पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत",
(ख) "पुनरावेदन अदालतको न्यायाधीश" को सट्टा "उच्च अदालतको न्यायाधीश" ।